आ.व. २०८०।०८१
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

वैठक नं १५।०८०।०८१
मितिः-२०८१।०२।२८ गते
स्थानः- ता न पा मिनिहल
समयः- विहान ७ ३० बजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता न पा २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिजाली | नगर उपप्रमुख | ता न पा ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष प्रवक्ता | ता न पा ११ | सदस्य |
| | श्री सुनिल कुमार वस्याल | वडा अध्यक्ष | ता न पा १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता न पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता न पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता न पा ४ | सदस्य |
| | श्री राम वहादुर रावल | वडा अध्यक्ष | ता न पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता न पा ६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता न पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता न पा ८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता न पा ९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता न पा १० | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता न पा १२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता न पा १३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता न पा १४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता न पा १ | सदस्य |
| श्री मन्जु वि क | कार्यपालिका सदस्य | ता न पा १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता न पा २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता न पा ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता न पा ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता न पा ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता न पा ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता न पा १० | सदस्य |
| श्री हरिराम नागिला | प्रमुख प्रशासकीय अधिकृत | ता न पा का | सचिव |
| ध्रुव ढवाली | का० वा० अध्यक्ष | ता.नं.पा.२ | |

**निर्णय नं. १**

मिति २०८१।०२।१६ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो । साथै निर्णय कार्यान्वयनको पक्षलाई थप प्रभावकारी बनाउने समेत निर्णय गरियो ।

**निर्णय नं. २**

नगर स्तरीय अनुगमन समितिका संयोजक एवं नगर उप-प्रमुख ज्यूबाट अनुगमन प्रतिवेदन बैठकमा पेश भयो । उक्त प्रतिवेदन उपर छलफल भई प्राप्त सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ३**

तानसेन नगरपालिकाको नगर सभाको पन्धौ अधिवेशनको पहिलो बैठक यही मिति २०८१ आषाढ ७ गते दिनको १.०० बजे बस्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क (१) र (२) बमोजिम वडा नं. १४ को खक्यान क्षेत्रमा रहेको दहत्तर बहत्तर, ढुङ्गा गिट्टि, बालुवा आदिको बिक्री गर्ने प्रयोजनको लागि प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरी तोकिएको परिमाणमा बिक्री गर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिका ४ नं. वडा कार्यालय भाडामा सञ्चालन गर्नका लागि मिति २०८० चैत्र १६ देखी देखि २०८१ असार मसान्त सम्मको घर भाडा वापतको मासिक रु. २२,०००।- का दरले हुन आउने रकम रु. ७७,०००।- चालु तर्फको बिबिध शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

नगर प्रमुखको कार्यकक्षमा जोडिएको वाईफाई र सि.सि. क्यामेरा जडानको लागि मिति २०८०।०३।२७ मा स्वीकृत आदेश अनुसार खर्च रकम रु. ४०,२८९।- (भ्याट सहित) आ.व. २०८० ०८१ को अतिरिक्त योजना अन्तर्गत नगरपालिका सभाहल मर्मत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

आ.व. २०८० ०८१ को स्वास्थ्य तर्फको शसर्त बजेटको औषधी खरिद गरी बाँकी रहेको रकम रु. ९,६०,७५१- मध्येबाट रु. ४०,०००।- औषधी ढुवानी खर्च छुट्याई रु. ९,२०,७५१ बाट पुरानै शिलबन्दी दरभाउपत्र दाताको लागि निजले कबोल गरेको दररेट बमोजिम उक्त सप्लायर्सबाट पुनः थप औषधि सोझै खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. १९८ मिति २०८१।०२।२१ को प्राप्त पत्र बमोजिम निजामती सेवा दिवस २०८१, को अवसरमा प्रदान गरिने निजामती सेवा पुरस्कारका लागि यस कार्यालयका दमकल चालक **श्री मनोज रुचाललाई** सिफारिस गरी पठाउने निर्णय गरीयो ।

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

निर्णय प्रमाणीकरण
२०८१।२।२८

निर्णय नं. ९

नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी श्री विष्णु पौडेल (अधिकृतस्तर आठौं तह) ले मिति २०८०।११।१६ बाट लागु हुने गरी आफ्नो सञ्चित घर बिदा तथा भैपरी बिदाबाट कट्टा हुने गरी १२३ दिनका लागि माग भएको बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

नगर विकास कोषको च.नं. १५१५ मिति २०८१।०२।२२ को प्राप्त पत्र बमोजिम २०८१ असार मसान्त सम्म कोषलाई भुक्तानी दिनुपर्ने सावा तथा व्याज रकम नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ११

आ.व. २०८१ २०८२ का लागि वडा स्तरीय बजेट सिलिङ तथा पेश भएका योजना माथि छलफल गरी सुझाव दिने निर्णय गरियो ।

निर्णय नं. १२

नेपाल सरकार गृहमन्त्रालयको च.नं. १६७ मिति २०८१।०२।२० को पत्रलाई उदृत गर्दै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मिति २०८१।०२।२१ च.नं. २७९ को पत्र बमोजिम तपसिलका पदाधिकारी रहने गरी स्थानीय विपद् सहायता कक्ष स्थापना गरी सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| श्री हरिराम नागिला, प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| श्री प्रतिनिधि नेपाल रेडक्रस सोसाईटी पाल्पा शाखा | सदस्य |
| श्री त्रिलोचन पौडेल, नागरिक समाजका प्रतिनिधि | सदस्य |
| श्री दुर्गा बहादुर थापा, योजना शाखा प्रमुख (स्थानीय विपद् फोकल पर्सन) | सदस्य सचिव |

निर्णय नं. १३.

दक्षिण कोरियाको सियोल नगरपालिका र कोएकाको आर्थिक सहयोगमा सञ्चालन गर्ने गरी Waste Water Treatmment (WWT) Project in Tansen Municipality सम्बन्धी अवधारणा माथि छलफल गरी नगरपालिकाको आर्थिक दायित्व नरहने गरी उक्त कार्यक्रम सञ्चालन गर्न सहमती दिने निर्णय गरियो ।

निर्णय नं. १४

तानसेन नगरपालिकाको स्थानीय आर्थिक विकास योजना २०८१ (Local Econimic Development-LED) सुझाव समेत समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

तानसेन नगरपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम माथि सुझाव सहित आगामी कार्यपालिका बैठकबाट पारित गर्ने निर्णय गरियो ।

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

तिलक प्रसाद / उपकरण
२०८१।२।२८

CamScanner

निर्णय नं. १६

नगर कार्यपालिकाको आ.व. २०८० ०८१ को हालसम्मको आम्दानी रु. ७६,६६,०९,६२४.४५ र खर्च रु ५१,६०,११,२७८.२४ को विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

तानसेन नगर पर्यटन समिति (TACT) र बजार व्यवस्थापन समितिले तयार गरी पेश गरेको देहायका कार्यक्रमहरु अनुमोदन गरी सम्पन्न कार्यक्रमको सम्बद्ध पक्षलाई रकम भुक्तानी दिने साथै बाँकी कार्यक्रम स्वीकृत गरी अगाडी बढाउने निर्णय गरियो ।

| क.स. | कार्यक्रम | रकम |
|---|---|---|
| १. | ट्राफिक व्यवस्थापन अन्तर्गत तानसेन नगरपालिकाको बजार व्यवस्थापनको लागि जिल्ला प्रहरी कार्यालय र ट्राफिक कार्यालयमा मोनिटरिङ हुने गरि ANPR ( आटो म्याटिक नम्बर प्लेट रिडर क्यामरा) सहितको सिसिटिभी क्यामरा जडान | १०००००० |
| २. | जहाँ मार्किङ त्यहाँ पार्किङ अन्तर्गत बजारका विभिन्न ठाउँहरुमा सांकेतिक बोर्ड , मार्किङ कार्यक्रम | ३००००० |
| ३. | सडक पेटी ,छज्जा व्यवस्थापन, सिनो, लास तथा छाडा चौपाया व्यवस्थापन, सडक बत्ति मर्मत, POWER BACKUP, बजार नियमन, अनुगमन तथा लागु औषध दुर्व्यसन नियन्त्रण | ७००००० |
| | जम्मा | २०००००० |

**पर्यटन प्रवर्धन कार्यक्रम**

| क.स. | कार्यक्रम | रकम |
|---|---|---|
| १ | तानसेन नगरपालिकाको सिमाना क्षेत्रमा 2D डिजिटल बोर्ड, Reflective Board र बर्तुगमा सूचनामुलक 2D डिजिटल बोर्ड | ६००००० |
| २ | International Tourism Expo and Fairs | २००००० |
| ३ | तानसेन नगरपालिकाको पर्यटकीय स्थलहरुमा Enhanching Tourism Experience Through QR Based Navigation and Co-creation Boards | २००००० |
| ४ | पार्क स्तरवृद्धि तथा पेंटिंग | ९०००० |
| ५ | International Cycling Day Program | २०००० |

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

निर्णय प्रमाणीकरण
२०८१।२।२८

| | | |
|---|---|---|
| ६ | Plugin Marathon | ३०००० |
| ७ | तानसेन नगरपालिकाको पर्यटकीय क्षेत्रमा ( बोट बिरुवा, फुल,पर्यटकीय क्षेत्र सौन्दर्यकरण) | २९०००० |
| ८ | आन्तरिक र बाह्य पर्यटकहरुलाई स्वागत एवं व्यवस्थापन | २५००० |
| ९ | बैठक व्यवस्थापन खर्च | २५००० |
| ८ | पर्यटक हरुको तथ्यांक संकलन पुस्तक छपाई | २०००० |
| | जम्मा | १५०००० |

**निर्णय नं. १८**

चालु आ.व.को अन्तिम महिना असारमा कार्यालयको कार्यबोझ बढ्ने र भुक्तानीको चाप बढ्न जाने हुँदा मिति २०८१ असार २ गते देखी २०८१ असार २५ गते सम्म विहान ९.०० बजे देखी बेलुका ६.०० बजे सम्म नगर कार्यपालिकाको कार्यालयबाट सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १९**

यस नगर कार्यपालिकाको सम्पूर्ण भुक्तानी प्रणाली Electronic Fund Transfer (EFT) बाट भैरहेको हुनाले सम्पूर्ण उपभोक्ता समितिहरुलाई आफुले पाउनुपर्ने योजनाको भुक्तानीको लागि आवश्यक सम्पूर्ण कागजातहरु रुजु गराई सम्वन्धित वडा कार्यालयमा बुझाउन अनुरोध गर्ने र सम्वन्धित वडाका वडा सचिवले नगर कार्यपालिकाको कार्यालय अन्तर्गत पूर्वाधार तथा योजना शाखामा बुझाउने व्यवस्था गरी उपभोक्ता समितिलाई कार्यालयमा भौतिक उपस्थिति बिना भुक्तानी दिने प्रणालीको शुभारम्भ गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

विश्व बैंकको सहयोगमा सञ्चालनमा रहेको डुम्रेखोला-सुनडाँडा-तेल्घा-गुफाचौर-गाउनडाँडा-सल्लाधारी-होलाइदी सडक परियोजनाको लागि मिति २०८१।०१।२० गते Vedanshee Infrasturcture Pvt. Ltd बिच सम्झौता गरिएको र निर्माण व्यवसायीबाट आयोजना स्थलमा कार्य सूचारु रहेको हुँदा उक्त कार्यको अनुगमन तथा निरीक्षण गर्न सोही आयोजनामा AVIYAAN-CEMECA-MOONLIGHT (DSC) Project Manager रहेको हुँदा Design & Supervision Consultant को सम्झौताको General Conduction of Contract (C) को 28.1 मा कार्यालयले उपलब्ध गराउने व्यवस्था भएकोले आयोजना अवधिभरका लागि गाडी भाडामा लिने निर्णय गरियो ।

**निर्णय नं. २१**

तानसेन नगरपालिका वडा नं. ७ को सामाजिक सुरक्षा भत्ता हाल कृषि विकास बैंक पाल्पा शाखाबाट वितरण हुँदै आएकोमा सेवाग्राहीहरुलाई नजिकबाट सेवा दिने उद्देश्यले सोही वडामा रहेको सिटिजन बैंकको प्रभास शाखाबाट वितरण गर्ने व्यवस्था गरिदिनुहुन भनि सम्वन्धित वडा कार्यालयबाट अनुरोध भई आएको हुँदा आवश्यक समन्वय गरी आ.व. २०८१/०८२ को प्रथम त्रैमासिक देखी सोही वडामा

सन्तोष लाल श्रेष्ठ

निर्णय प्रमाणिकरण
२०८१।२।२८

रहेको सिटिजन बैंकको शाखाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. २२

नगर कार्यपालिकाको कार्यालयका पूर्वाधार र नक्शा शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुलाई गत बर्षको बराबर प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २३

आ.व. ०८०।०८१ निर्माण व्यवसायीबाट सम्झौता भई समयमा सम्पन्न हुन नसकेका योजनाहरुको २०८१।०३।१५ गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. २४

ता.न.पा १२ को १ कि.मी. सडक पिच गर्दा सडक सेक्सनमा पहिरो गई खानेपानीको मुहानमा समेत क्षति भई सडक जोखिममा परेकोले प्राविधिक स्टीमेटको आधारमा खानेपानी मुहान संरक्षण तथा पहिरो रोकथामका लागि आवश्यक बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. २५

मिति २०८०।०६।०६ मा आयोजना गरिएको तानसेन नगरपालिका वडा नं. १० मा भएको सार्वजनिक सुनुवाइ र मिति २०८०।११।३० मा विविध क्षेत्र समेटेर वडा नं. १३ मा गरिएको सार्वजनिक सुनुवाई उपर छलफल भयो । उक्त प्रतिवेदनमा औल्याईएका सुझावहरुलाइ निरन्तर कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो ।

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

निर्णय प्रमाणिकरण
२०८१।५।२८

CamScanner